# लेख रचना अनुरोध सम्बन्धी सूचना

हुलाक प्रशिक्षण केन्द्रबाट नियमित प्रकाशन हुने हुलाक पत्रिका (THE POST) "नयाँ वर्ष विशेषाङ्क" वर्ष ६५, अंक २१२, को प्रकाशनको लागि निम्न शर्तको अधिनमा रही हुलाक सेवाको सुधार तथा प्रवर्धनमा टेवा पुग्ने खोजमूलक एवं अनुसन्धानमूलक, नवप्रवर्तनमुखी, स्तरीय र मौलिक लेख रचनाहरु सार्वजनिक निकायमा कार्यरत कर्मचारी एवं सम्बन्धित विषय विज्ञहरुबाट मिति २०८२ फागुन २७ गतेभित्र यस कार्यालयमा आईपुग्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ।

- लेख रचनाहरुमा विशेष गरी हुलाक सेवा, सुशासन, सूचना प्रविधि, नवप्रवर्तन, सार्वजनिक प्रशासन तथा व्यवस्थापन, हुलाक सेवा सम्बन्धी साहित्य सिर्जना, अध्यात्मिक चिन्तन, समसामयिक शासकीय एवं व्यवस्थापकीय मामिलाहरू लगायतका विषयवस्तुहरु समेटिएको र लेख रचनाको प्रचलित ढाँचामा हुनुपर्नेछ।
- लेख/रचना पठाउँदा Soft/Digital copy र Hard Copy सहित पठाउनुपर्ने वा केन्द्रको इमेल ठेगानामा इ-मेल गर्नुपर्नेछ । फोटोकपि गरिएका लेख रचना स्वीकार गरिने छैन।
- लेखरचना पठाउँदा नेपाली भाषामा भए प्रीति फन्ट (साइज १४), युनिकोड भए कालिमाटी फन्ट (साइज १२) मा र अंग्रेजी भाषामा भए Times New Roman फन्ट (साइज १२) मा हुनुपर्नेछ र लेखरचना कम्तिमा १५०० शब्दको हुनुपर्नेछ।
- लेख रचना पठाउँदा लेखकको पुरा नाम, पद, ठेगाना, सम्पर्क नं., इमेल ठेगाना, स्थाई लेखा नम्बर (PAN No.), कुनै निकाय/कार्यालयमा कार्यरत भए सोको नाम उल्लेख गर्नुपर्नेछ।
- प्राप्त लेख रचनाहरू प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ। प्राप्त लेख रचनाहरु स्तरीयता र प्राथमिकताका आधारमा प्रकाशन गरिने छन्। अन्यत्र प्रकाशन भैसकेका लेखरचनाहरु तथा अन्य लेखकका लेख वा प्रकाशित कृतिबाट हुबहु साभार गरिएका रचनाहरु प्रकाशन गरिने छैन।
- हुलाक पत्रिकामा प्रकाशित लेख रचनाहरू प्रशिक्षण केन्द्रलाई जानकारी नदिई अन्यत्र प्रकाशन गर्न पाइने छैन।
- लेखरचना स्वीकृत/अस्वीकृत गर्ने, सामान्य काँटछाँट र सम्पादन गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहित हुनेछ । अस्वीकृत लेख रचना फिर्ता गरिने छैन।
- लेख रचनामा व्यक्त विचार लेखकका स्वतन्त्र एवं निजी विचारहरू भएकोले सोप्रति लेखक कार्यरत निकाय अथवा प्रकाशन गर्ने निकाय हुलाक प्रशिक्षण केन्द्र जिम्मेवार हुने छैन।
- प्रकाशित लेख रचनाको पारिश्रमिक लेखकको बैक खातामा पठाइनेछ। भुक्तानी प्राप्त नभएमा हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौमा सम्पर्क गर्नुपर्ने छ।
- अन्य विस्तृत जानकारीका लागि कार्यालयको इमेल ठेगानाः ptc@nepalpost@gov.np वा hulakprashikshan@gmail.com र टेलिफोन सम्पर्कका लागि ०१-५३६२५७९ मा सम्पर्क गर्न सकिने छ ।

२०८२।१०।२६